नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन १ गते २०१८ साल

नेपाल लोकसेवा आयोगको विज्ञापन नं. ७६

विभिन्न मन्त्रालय, विभाग र अड्डाहरूमा हाल खाली भैरहेको र पछि रिक्त भै माग प्राप्त हुन आएमा समेत लिखित प्रतियोगितात्मक परीक्षा र त्यसपछि हुने अन्तवार्ताको फलबाट सिफारिश हुने गरी खरीदार पदको पहिलो समूह ०१८–१९ को निमित्त काठमाडौं, विराटनगर र नेपालगञ्जसमेत केन्द्र तीनमा खुला प्रतियोगितात्मक परीक्षा लिने प्रबन्ध भएको छ। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूरसहित निम्नलिखित मितिसम्ममा निम्नलिखित केन्द्र अफिसमा नै आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको सक्कल र [illegible] नागरिकताको प्रमाण पत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रतिलिपि अन्तर्वार्ताको दिन साथै ली आउनुपर्छ।

योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा निम्नलिखित स्थानहरूमा सम्पर्क नराखेमा परीक्षामा बस्न पाउने अधिकार पाइने छैन। दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भै सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त दाखिल हुन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर र परीक्षा दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै कारवाइ हुनेछैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा फी दस्तूरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ । दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वाराहरूमा पनि पाइने छ । एक फारामको निमित्त ने.रु. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

उक्त पदमा सफल भएका उम्मेदवारहरू आयोगले सिफारिश गरिएका ठाउँमा नै नियुक्त हुन जानुपर्छ । विभिन्न कारण देखाई निजहरू उक्त ठाउँमा नियुक्त हुन नगएमा फेरि अर्को परीक्षामा सम्मिलित नभै सो सरहको पदमा सिफारिश हुनेछैन ।

विवरण–

१. पद:– खरदार तथा सो सरहको पद, नन्गजेटेड द्वितीय श्रेणी स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– एस्. एल्. सी. वा सो सरह र निजामती मध्यम पास, ।

(१) निजामती मध्यम पास नभएकाहरूले पनि परीक्षामा सामेल हुन पाउने छन् तर निजामती मध्यम पास नभएका उम्मेदवारहरू सिफारिश भएमा सिफारिश भएका मितिदेखि २ पटकसम्म खुलेको निजामती मध्यम परीक्षा सफल हुन नसकेमा स्वत: खारेज हुने शर्तमामात्र नियुक्त हुन सक्ने छ ।

(२) तोकिएको शैक्षिक योग्यता नपुगेको स्थायी बहालवाला कर्मचारीहरूले परीक्षामा भाग लिन निम्नलिखित शर्त पूरा गर्नुपर्छ ।

(क) एक तह मुनिका बहालवाला कर्मचारीहरूले आफ्नो हालको पदमा २ वर्ष को अवधि बिताएको हुनुपर्छ ।

(ख) २ तह मुनिका बहालवाला कर्मचारीहरूले जम्मा ५ वर्षको अटूट नोकरीको अवधि र हालको पदमा दुई वर्ष अवधि बिताएको हुनुपर्छ ।

(ग) उपदफा क र ख मा उल्लिखित कर्मचारीले बाहेक अरूको शैक्षिक योग्यता पुगेको हुनुपर्छ ।

यस्ता कर्मचारीहरूले दरखास्त पेश गर्दा माथि लेखिए बमोजिम सबै विवरण स्पष्ट खुलाई दरखास्त भरी पठाउनुपर्छ र सबै उम्मेदवारहरूको निमित्त एउटै पाठ्यक्रम तथा एउटै सार्वजनिक प्रतियोगितात्मक परीक्षा हुनेछ ।

३. वाञ्छनीय योग्यता:– सोभन्दा बढी योग्यता भएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल:– प्रचलित स्केल बमोजिम ।

५. दरखास्त दाखिल हुनुपर्ने मिति:– उम्मेदवारहरूलाई (सुविधा) कायक अनुसार काठमाडौंमा लोकसेवा आयोग, विराटनगरमा मोरङ विराटनगर गोस्वारा र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालगञ्जमा बांके बर्दिया गोस्वारामा २०१८ साल फाल्गुन २१ गते रोज १ सम्ममा दाखिल हुनेगरी दरखास्त पठाउनुपर्छ ।

६. सम्पर्क मितिः– काठमाडौं लोकसेवा आयोगमा दरखास्त दिने उम्मेदवारहरूले २०१८ साल चैत्र ५ गते रोज ५ का दिन ४ बजे लोकसेवा आयोगमा र विराटनगर र नेपालगञ्जमा दरखास्त दिने उम्मेदवारहरूले सम्बन्धित गोस्वारामा सोही मिति र समयमा सम्पर्क राख्न सूचित गरिन्छ ।

७. दरखास्त दस्तूरः– नगद ने.रु. १।– एक रुपैयाँ ।

८. परीक्षा दस्तूरः– नगद ने.रू. १०। दश रुपैयाँ ।

९. उमेरः– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ ।

१०. नियुक्तिः– प्रथम नियुक्तिको समयमा उम्मेदवारहरूलाई ६ महीनाको परीक्षा वधि (प्रोवेशन पिरियड) मा लिइने छ। सो उपयुक्त ठहरिएमा ६ महीना पछि निजहरू को स्थायी थमौती (कन्फर्मेशन) हुनेछ ।

११. परीक्षा केन्द्रः– काठमाडौं, विराटनगर र नेपालगञ्जसमेत गरी जम्मा ३ स्थानमा एकै मिति र समयमा हुनेछ ।

१२. परीक्षाको स्तर साधारण तथा एस्. एल्. सी. परीक्षा सरह हुनेछ । उक्त परीक्षामा अनिवार्य ३ विषयहरूमा तीन ३ पत्र र इच्छाधीन २ विषयहरूमा २ पत्र गरी जम्मा ५ पत्रको हुनेछ । परीक्षाका निमित्त निम्नलिखित विषयहरू रहने छन् ।

(क) अनिवार्य विषयः– पूर्णाङ्क

१. प्रथम पत्रः– निबन्ध साधारण ज्ञान १००

(क) निबन्ध ४०

(ख) साधारण ज्ञान ६०

२. द्वितीय पत्र–नेपालको भूगोल र इतिहास १००

(क) नेपालको इतिहास सम्वत १८२५ उपान्त ६०

(ख) नेपालको भूगोल ४०

३. तृतीय पत्र– ऐन स्रेस्ता १००

ऐन ६०

स्रेस्ता ४०

(ख) इच्छाधीन विषयः– तल दिएका मध्ये कुनै दुई

१. ऐन स्रेस्ता

२. वर्तमान संसार

३. अंग्रेजी

४. संस्कृत

५. गणित वा अंकगणित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. सामान्य विज्ञान वा गृह विज्ञान

१३. उक्त परीक्षा यही २०१८ साल चैत्रको चौथा हप्तादेखि शुरू हुनेछ। परीक्षाको कार्यक्रम र परीक्षा हुने स्थान सम्पर्क मितिमा यस आयोग, मोरङ विराटनगर गोस्वारा बांके बर्दिया गोस्वारामा समेत प्रकाशित हुनेछ। सो कार्यक्रम सरकारी प्रचार साधन-द्वारा पनि प्रकाशित तथा प्रसारित हुनेछ।

द्रष्टव्य:-(१) पाठ्यक्रम काठमाडौं लोकसेवा आयोग, मोरङ विराटनगर गोस्वारा र बांके बर्दिया गोस्वारामा पाइने छ। पाठ्यक्रमको मोल प्रति कापीको दर ने.रु. ।७५ पैसा राखिएको छ। सो पाठ्यक्रम ने.रु. ।७५ पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। पाठ्यक्रम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

(२) दरखास्त दिने उम्मेदवारहरूले दरखास्त फारामको पृष्ठ ४ को तलतिर मिति अड्डा विभाग लेखिएकोभन्दा मनि खाली ठाउँमा दफा नं. २१ इच्छाधीन विषय जनाई आफूले रोजेको विषय २ को नाम स्पष्टसंग लेख्नुपर्छ। कुनै हालतमा पनि अलद बदल गर्न पाइने छैन।

(३) उल्लिखित लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई अन्तर्वार्ता गर्नाको निमित्त स्थान तथा समय आयोगबाट पछि सूचना प्रकाशित गरिने छ।

आज्ञाले-
विनोदप्रसाद धिताल
सचिव, लोकसेवा आयोग।

नेपाल लोकसेवा आयोगको विज्ञापन नं. ७७

विभिन्न मन्त्रालय, विभाग र अड्डाहरूमा हाल खाली भैरहेको र पछि रिक्त भै मांग प्राप्त हुन आएमा समेत लिखित प्रतियोगितात्मक परीक्षा र त्यसपछि हुने अन्तवार्ताको फल-बाट सिफारिश हुने गरी नायब सुब्बा पदको पहिलो समूह .०१८-१९ को निमित्त काठमाडौं, विराटनगर र नेपालगञ्जसमेत तीन केन्द्रमा खुला प्रतियोगितात्मक परीक्षा लिने प्रबन्ध भएको छ। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूर सहित निम्नलिखित मिति सम्ममा निम्नलिखित केन्द्र अफिसमा न आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कल र नागरिकताको प्रमाणपत्रसमेत सबैसामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रतिलिपि अन्तर्वार्ताको दिन साथ ली आउनुपर्छ।

योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा निम्नलिखित स्थानहरूमा सम्पर्क नराखेमा परीक्षामा बस्न पाउने अधिकार पाइने छन। दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भै सबैलाई असुविधा हुने हुंदा समयमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नै दरखास्त दाखिल हुन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर र परीक्षा दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै कारवाई हुनेछैन।

बहाल वाला कर्मचारीहरूले दरखास्त दिंदा फी दस्तूरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा गोस्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त ने.रु. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

उक्त पदमा सफल भएका उम्मेदवारहरू आयोगले सिफारिश गरिएका ठाउँमा नै नियुक्त हुन जानु पर्छ। विभिन्न कारण देखाई निजहरू उक्त ठाउँमा नियुक्त हुन नगएमा फेरि अर्को परीक्षामा सम्मिलित नभै सो सरहको पदमा सिफारिश हुनेछैन।

विवरण–

१. पद:– नायबसुब्बा तथा सो सरहको पद, नन्गजेटेड प्रथम श्रेणी स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:– आइ.ए. वा सो सरह र निजामती मध्यम पास।

(१) निजामती मध्यम पास नभएकाहरूले पनि परीक्षामा सामेल हुन पाउने छन्। तर निजामती मध्यम पास नभएका उम्मेदवारहरू सिफारिश भएमा सिफारिश भएका मितिदेखि २ पटकसम्म खुलेको निजामती मध्यम परीक्षा सफल हुन नसकेमा स्वत: खारेज हुने शर्तमामात्र नियुक्त हुन सक्ने छ।

(२) तोकिएको शैक्षिक योग्यता नपुगेका स्थायी बहालवाला कर्मचारीले परीक्षामा भाग लिन निम्नलिखित शर्त पूरा गर्नुपर्छ।

(क) एक तह मनिका बहालवाला कर्मचारीहरूले आफ्नो हालको पदमा २ वर्षको अवधि बिताएको हुनुपर्छ।

(ख) २ तहमा मुनिका बहालवाला कर्मचारीहरूले जम्मा ५ वर्षको अटूट नोकरीको अवधि र हालको पदमा २ वर्ष अवधि बिताएको हुनु पर्छ।

(ग) उपदफा (क) र (ख) मा उल्लिखित कर्मचारीले बाहेक अरूको शैक्षिक योग्यता पुगेको हुनुपर्छ।

यस्ता कर्मचारीहरूले दरखास्त पेश गर्दा माथि लेखिए बमोजिम सबै विवरण स्पष्ट खुलाई दरखास्त भरी पठाउनु पर्छ र सबै उम्मेदवारहरूको निमित्त एउटै पाठ्यक्रम तथा उएटै सार्वजनिक प्रतियोगितात्मक परीक्षा हुनेछ।

३. वाञ्छनीय योग्यता:– सोभन्दा बढी योग्यता भएकालाई विशेष ग्राह्यता दिइने छ।

४. मासिक तलब :– प्रचलित स्केल बमोजिम हुनेछ।

५. दरखास्त दाखिल हुनुपर्ने मिति:– उम्मेदवारहरूलाई (सुविधा) पायक अनुसार काठमाडौंमा लोकसेवा आयोग, विराटनगरमा मोरङ विराटनगर गोस्वारा र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालगञ्जमा बांके बर्दिया गोस्वारामा २०१८ साल फाल्गुन २६ गते रोज ६ सम्ममा दाखिल हुने गरी दरखास्त पठाउनु पर्छ ।

६. सम्पर्क मिति:– काठमाडौं लोकसेवा आयोगमा दरखास्त दिने उम्मेदवारहरूले २०१८ साल चैत्र ६ गते रोज ५ का दिन ४ बजे लोकसेवा आयोगमा, विराटनगर र नेपालगञ्जमा दरखास्त दिने उम्मेदवारहरूले सम्बन्धित गोस्वारामा सोही मिति र समयमा सम्पर्क राखन सूचित गरिन्छ ।

७. दरखास्त दस्तूर:– नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।

८. परीक्षा दस्तूर:– नगद ने.रु. १२। बाह्र रुपैयाँ ।

९. उमेर:– उम्मेदवारहरूको उमेर २१ वर्ष भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

१०. नियुक्ति:– प्रथम नियुक्तिको समयमा उम्मेदवारहरूलाई ६ महीनाको परीक्षा अवधि (प्रोवेशन पिरियड) मा लिइने छ । सो उपयुक्त ठहरिएमा ६ महीना पछि निजहरूको स्थायी थमौती (कन्फर्मेशन) हुनेछ ।

११. परीक्षा केन्द्र:– काठमाडौं, विराटनगर र नेपालगञ्जसमेत गरी जम्मा ३ स्थानमा एकै मिति र समयमा हुनेछ ।

१२. परीक्षा:– परीक्षाको स्तर साधारणतया विश्व विद्यालयको इन्टर मिडियट परीक्षा सरह हुनेछ । उक्त परीक्षामा अनिवार्य ४ विषयहरूमा ४ पत्र औ इच्छाधीन विषयहरूमा ३ पत्र गरी जम्मा ७ पत्रको हुने छ । परीक्षामा निम्नलिखित विषयहरू रहने छन्:–

		पूर्णाङ्क
(क) अनिवार्य विषय:–		
(१) प्रथम पत्र:–निबन्ध		१००
(२) द्वितीय पत्र:– इतिहास र भूगोल		१००
(अ) नेपालको इतिहास सम्बत् १८२५ उपान्त	६०	
(आ) नेपालको भूगोल	४०	
(३) तृतीय पत्र:– साधारण ज्ञान		१००
(४) चतुर्थ पत्र:– ऐन स्रेस्ता		१००
(अ) ऐन ६०		
(आ) स्रेस्ता ४०		

(ख) इच्छाधीन विषय:– तल दिएका मध्ये कुनै तीन ।

(१) ऐन स्रेस्ता	(२) वर्तमान संसार
(३) अंग्रेजी	(४) संस्कृत
(५) अर्थ शास्त्र	(६) नागरिक शास्त्र
(७) इतिहास	(८) गृह विज्ञान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) गणित वा वाणिज्य अंकगणित (१०) फिजिक्स (भौतिक शास्त्र)
(११) केमिष्ट्री (रसायन शास्त्र) (१२) वायोलजी (जीव शास्त्र)
(१३) कमर्सियल जोग्राफी वाणिज्य भूगोल (१४) एकाउण्टेण्टएण्डबूक किपिङ्ग
(१५) बैकिङ्ग

१३. उक्त परीक्षा आउँदो २०१९ साल वैशाखमा पहिलो हप्तादेखि शुरू हुनेछ। परीक्षाको कार्यक्रम र परीक्षा हुने स्थान सम्पर्क मितिमा यस आयोग, मोरङ विराटनगर गोस्वारा र बांके बर्दिया गोस्वारामा समेत प्रकाशित तथा प्रशारित हुनेछ।

द्रष्टव्य:- (१) पाठ्यक्रम काठमाडौं लोकसेवा आयोग, मोरङ विराटनगर गोस्वारा र बांके बर्दिया गोस्वारामा पाइने छ। पाठ्यक्रमको मोल प्रति कापी ने.रु. ।७५ पचहत्तर पैसा राखेको छ। सो पाठ्यक्रम ने.रु. ।७५ पचहत्तर पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। पाठ्यक्रम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

(२) दरखास्त दिने उम्मेदवारहरूले दरखास्त फारामको पृष्ठ ४ को तलतिर मिति अड्डा विभाग लेखिएकोभन्दा मनि खालि ठाउँमा दफा नं २१ इच्छाधीन विषय जनाई आफूले रोजेको विषय ३ को नाम स्पष्टसंग लेख्नुपर्छ । पछि कुनै हालतमा पनि अदल बदल गर्न पाइने छैन।

(३) उल्लिखित लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई अन्तर्वार्ता गर्नाको निमित्त स्थान तथा समय आयोगबाट पछि सूचना प्रकाशित गरिने छ।

आज्ञाले-
विनोदप्रसाद धिताल
सचिव, लोकसेवा आयोग ।

विज्ञापननं. ८०

१. पद:- र स्थान पोखरा हेल्थ सेण्टर, भैरहवा अस्पताल, तौलिहवा अस्पताल जलेश्वर अस्पताल, पाल्पा अस्पताल र धनकुटा अस्पताललाई समेत १।१ गरी जम्मा ६ जना लेडी डाक्टर स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता:- एम. बी. बी. एस.
३. मासिक तवलबको स्केल:- ने.रु. ३५०। देखि ६२५ सम्म।
४. फी दस्तूर नगद:- ने.रू. ३। तीन रुपैयाँ।
५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:- २०१८।१२।२०।२.
६. सम्पर्क मिति:- २०१८।१२।२६ का दिन ४ बजे
७. उमेर:- उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञापन नं. ८१

१. पद र स्थानः– गोकर्ण आधार प्राइमरी स्कूललाई प्राइमरी शिक्षक जवान एक (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः– एस्. एल्. सी. वा सो सरह पास भएको हुनुपर्छ ।
३. वाञ्छनीय योग्यताः– नर्मल स्कूल तालीम प्राप्त गरेकालाई विशेष ग्राह्यता दिइने छ ।
४. मासिक तलबको स्केलः– ने.रु. ८०। देखि १५०। सम्म
५. दरखास्त दस्तूरः– नगद ने.रु. १। एक रुपैयाँ ।
६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।१०।२९।१.
७. सम्पर्क मितिः– २०१८।११।५।६.
८. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

विज्ञापन नं. ८२

१. पद र स्थानः– खोकना प्रारम्भिक पाठशालालाई प्रारम्भिक पण्डित जवान एक नन्-गजेटेड चतुर्थ श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः– संस्कृत प्रथमा पास भएको हुनुपर्छ ।
३. वाञ्छनीय योग्यताः– नर्मल स्कूलमा तालीम प्राप्त र संस्कृत मध्यमासम्म पढेकालाई विशेष ग्राह्यता दिइने छ ।
४. मासिक तलबको स्केलः– ने.रू. ६०। देखि १०५। सम्म ।
५. दरखास्त दस्तूरः– नगद ने.रु. १। एक रुपैयाँ ।
६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।१०।२६।५.
७. सम्पर्क मितिः– २०१८।११।२।३.
८. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

विज्ञापन नं. ८३

१. पद र स्थानः– पुरातत्त्व र संस्कृति विभागलाई सहायक सङ्गीत शिक्षक जवान एक नन्गजेटेड द्वितीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः– नेपालका विभिन्न ठाउँका लोक गीतहरू त्यहाँकै लोक-लय अनुसार सांस्कृतिक पाठशालाको छात्रछात्राहरूलाई सिकाउन सक्ने हुनुपर्छ ।
३. वाञ्छनीय योग्यताः– सङ्गीत लिई एस्. एल् सी. पास भएकालाई विशेष ग्राह्यता दिइने छ ।
४. मासिक तलबको स्केलः– ने.रु. १२५। देखि २३५ सम्म ।
५. दरखास्त दस्तूरः– नगद ने.रु. १। एक रुपैयाँ ।
६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।१०।२४।३.
७. सम्पर्क मितिः– २०१८।१०।२९।१.
८. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञापन नं ८४

१. पद र स्थान:– पुरातत्त्व र संस्कृति विभागलाई वाद्यवादन शिक्षक जवान एक, नन्-गजेटेड प्रथम श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– विभिन्न किसिमका नेपाली बाजाहरू र आधुनिक बाजाहरू समेत बजाउन जान्ने तथा सांस्कृतिक पाठशालाका छात्रछात्राहरूलाई ती बाजाहरू बजाउन सिकाउन सक्ने हुनुपर्छ ।

३. तलबको स्केल:– ने.रु. २००। देखि ३७५। सम्म ।

४. दरखास्त दस्तूर:– ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:– २०१८।१०।१६।५.

६. सम्पर्क मिति:– २०१८।१०।२४।३.

७. उमेर:– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

विज्ञापन नं. ८५

१. पद र स्थान:– पुरातत्त्व र संस्कृति विभागलाई चित्रकार जवान एक, नन् गजेटेड द्वितीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– संग संमिश्रणमा र नेपाली चित्रकलामा समेत राम्रो ज्ञान भएको हुनुपर्छ ।

३. वाञ्छनीय योग्यता:– ड्राइङ्ग विषय लिई एस्. एल्. सी वा सो सरह पास भएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल:– ने.रु. १२५। देखि २३५। सम्म ।

५. दरखास्त दस्तूर:– नगद ने.रु. १। एक रुपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:– २०१८।१०।२०।६.

७. सम्पर्क मिति:– २०१८।१०।२५।४.

८. उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

विज्ञापन नं. ८६

१. पद र स्थान:– पुरातत्त्व र संस्कृति विभागलाई नृत्य शिक्षक एक नन्गजेटेड प्रथम श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– नेपालका विभिन्न ठाउँका प्राचीन तथा आधुनिक (शास्त्रीय र लोक) नृत्यहरूको अनुसन्धान गरेको र ती स्थानहरूको नृत्यहरू सहिरूपमा सांस्कृतिक पाठशालाका छात्रछात्राहरूलाई सिकाउन सक्ने हुनुपर्छ ।

३. वाञ्छनीय योग्यता:– सरकारी स्वीकृति पाएको कुनै कलेजबाट नृत्यमा प्रमाणपत्र पाएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल:– ने.रु. २००। देखि ३७५। सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दरखास्त दस्तूर:– नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा।
६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:– २०१८।१०।२२।१.
७. सम्पर्क मिति:– २०१८।१०।२७।६.
८. उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

विज्ञापन नं. ८७

१. पद र स्थान:– पुरातत्त्व र संस्कृति विभागलाई सहायक वाद्य–वादन शिक्षक जवान एक, नन् गजेटेड द्वितीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता:– नेपाली बाजाहरू, आधुनिक बाजाहरू समेत बजाउन जान्ने र सांस्कृतिक पाठशालाका छात्र छात्राहरूलाई ती बाजाहरू बजाउन सिकाउन सक्ने हुनुपर्छ।
३. मासिक तलबको स्केल:– ने.रु. १२५। देखि २३५। सम्म।
४. दरखास्त दस्तूर:– नगद ने.रु. १। एक रुपैयाँ।
५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:– २०१८।१०।२७।६.
६. सम्पर्क मिति:– २०१८।११।३।४.
७. उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

विज्ञापन नं. ८८

१. पद र स्थान:– पुरातत्त्व र संस्कृति विभागलाई माइक टेक्निसियन जवान एक, नन्-गजेटेड द्वितीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता:– माइक जडान सञ्चालन र नियन्त्रणमा राम्रो ज्ञान हासिल गरेको हुनुपर्छ।
३. वाञ्छनीय योग्यता:– राष्ट्रिय नाच घरमा माइक जडान, सञ्चालन र नियन्त्रण राम्रो संग मिलाई सफा तथा स्पष्ट शब्द आउने गरी लाउडस्पीकर जडान गरी माइक सञ्चालन गर्न सक्ने र बिजुली विषयमा पनि विशेष ज्ञान भएकालाई विशेष ग्राह्यता दिइने छ।
४. मासिक तलब:– ने.रु. १२५। देखि २३५। सम्म।
५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:– २०१८।१०।२२।१.
६. सम्पर्क मिति: २०१८।१०।२७।६.
७. दरखास्त दस्तूर:– नगद ने.रु. १: एक रुपैयाँ।
८. उमेर:– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

विज्ञापन नं. ८९

१. पद र स्थान:– पुरातत्त्व र संस्कृति विभागलाई ष्टेज म्यानेजर जवान एक, नन्-गजेटेड प्रथम श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यता:—ष्टेज सम्बन्धी सम्पूर्ण कामको राम्रो ज्ञान भएको र पूरा अभिभारा लिई काम गर्न सक्ने साथै ष्टेजको पर्दा इत्यादि यथा योग्य ठाउँमा जडान गर्न सक्ने र ष्टेज सिंगारने काम तथा बखत बखतमा ष्टेजमा आवश्यक सेटिङ्गहरू मिलाउन सक्ने हुनुपर्छ ।

३. वान्छनीय योग्यता:— एस्. एल् सी. वा सो सरह भएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल:— ने.रु. १७५। देखि ३००। सम्म ।

५. दरखास्त दस्तूर:— नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने— मिति: २०१८।१०।२६।५.

७. सम्पर्क मिति:— २०१८।११।२।३.

८. उमेर:— उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

विज्ञापन नं . ९०

१. पद र स्थान:— पुरातत्त्व र संस्कृति विभागलाई सङ्गीत शिक्षक जवान एक, नन्-गजेटेड प्रथम श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:— नेपालका विभिन्न ठाउँका लोक गीतहरूको अनुसन्धान तथा संकलन गरेको र ती गीतहरू त्यहाँकै लोक लय अनुसार सांस्कृतिक पाठशालाका छात्रछात्राहरूलाई सिकाउन सक्ने तथा शास्त्रीय सङ्गीत पनि सिकाउन सक्ने भन्ने श्री ५ को सरकारको गजेटेड दर्जाको अफिसरबाट प्रमाणित गरेको हुनुपर्छ ।

३. वाञ्छनीय योग्यता:— श्री ५ को सरकारबाट स्वीकृति कुनै विश्वविद्यालयबाट सङ्गीत विशारदको प्रमाणपत्र पाएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल:— ने.रु. २००। देखि ३७५। सम्म ।

५. दरखास्त दस्तूर:— नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:— २०१८।१०।२७।६.

७. सम्पर्क मिति:— २०१८।११।३।४.

८. काम: सङ्गीत— सिकाउने ।

९. उमेर:— उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

विज्ञापन नं. ९१

१. पद र स्थान:— पुरातत्त्व र संस्कृति विभागलाई एकजना सहायक नृत्य शिक्षक नन्-गजेटेड द्वितीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:— नेपालका विभिन्न ठाउँका प्राचीन तथा आधुनिक नृत्यहरू सहीरूपमा सांस्कृतिक पाठशालाका छात्रछात्राहरूलाई सिकाउन सक्ने ।

३. वाञ्छनीय योग्यता:— सरकारी स्वीकृति प्राप्त कुनै स्कूलबाट नृत्यका प्रमाणपत्र पाएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल :— ने. रु. १२५। देखी २३५। सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तूर:— ने.रु. एक रुपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:— २०१८।१०।२०।६.

७. सम्पर्क मिति:— २०१८।१०।२५।४.

८. उमेर:— उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

आज्ञाले
विनोदप्रसाद धिताल
सचिव, लोकसेवा आयोग ।

नेपाल लोकसेवा आयोगको
विज्ञापन

निम्नलिखित विभाग तथा अड्डाहरूलाई निम्न लेखिए बमोजिम पदहरू चाहिएका छन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूर सहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शरू-देखिको सक्कल प्रमाण पत्रहरूको नक्कल र मार्कशीटको नक्कलहरू एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाण पत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथ लिई आउनु पर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । सम्पर्कको दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचित गरिन्छ । साधारणतया उम्मेद-वारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूरसहित विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा तथा गोस्वाराहरूमा पनि पाइने छ । एक फारामको निमित्त ।१० दश पैसा तिरी सोझै यस आयोगबाट चाहिए-जति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ ।

विज्ञापननं. ९२

१. पद र स्थान:— बूढानीलकण्ठ प्रारम्भिक पाठशालालाई पण्डित जवान १ नन्गजेटेड चतुर्थ श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यकनतम योग्यता:—संस्कृत प्रथमा उतीर्ण, वा एस्. एल्. सी. वा सो सरह पास भएको हुनुपर्छ ।

३. वाञ्छनीय योग्यता:— नर्मल तालीम प्राप्त र संस्कृत मध्यमासम्म पढेकालाई विशेष ग्रह्यता दिनेछ ।

४. मासिक तलबको स्केल:— ने.रु. ६०। देखि १०५। सम्म

५. दरखास्त दस्तूर:— नगद ने.रु. १। एक रुपैयाँ

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:— २०१८।११।४।५.

७. सम्पर्क मिति:— २०१८।११।९।३.

८. उमेर:— उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

आज्ञाले—
विनोदप्रसद धिताल
लोकसेवा आयोग

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।